

# अर्थ

2018, JUL
Monday
9

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ। व्यापार युद्धका कारण चीन, भारत, अमेरिका तथा समग्र यूरोपमा समेत समस्या खडा भएको छ। त्यसले नेपाली अर्थतन्त्रलाई थप नकारात्मक प्रभाव पार्न सक्ने देखिएको छ।

ज्योति

## हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

## बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २५, जुलाई ९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।९० | ११०।५० |
| युरो १ को रू. | १२९।११ | १२९।८१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४६।०९ | १४६।८९ |
| स्विस फ्रन्क १ को रू. | १११।०३ | १११।६३ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।७० | ८२।१४ |
| क्यानाडियन डलर १ को रू. | ८४।०२ | ८४।४८ |
| सिङ्गापुर डलर १ को रू. | ८०।९७ | ८१।४१ |
| जापानी यन १० को रू. | ९।९५ | १०।०० |
| चिनियाँ युआन १ को रू. | १६।५४ | १६।६३ |
| साउदी अरब रियाल १ को रू. | २९।३० | २९।४६ |
| कतारी रियाल १ को रू. | ३०।१८ | ३०।३५ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३२ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९२ | ३०।०८ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२० | २७।३५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८५ | ९।९१ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६० |
| डेनिस क्रानर १ का रू. | १७।३२ |
| हङकङ डलर १ का रू. | १४।०० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# डलरको मूल्य उच्च हुँदा व्यापार घाटा बढ्यो

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाली बजारमा अमेरिकी डलरको मूल्यवृद्धि हुँदा देशको व्यापारघाटा बढाए पनि वैदेशिक रोजगारीमा रहेकालाई भने फाइदा पुग्ने भएको छ।

डलरको भाउ बढ्दा वैदेशिक रोजगारीबाट गएकालाई घरमा रकम पठाउँदा बढी प्राप्त हुने गरेको छ। डलर महँगो हुँदा ठूलो मात्रामा विदेशबाट आउने विप्रेषणको आप्रवाह बढ्ने ठानिएको छ। तर, आयातमा निर्भर रहेको मुलुकको अर्थतन्त्र भने डामाडोल पार्ने विज्ञहरूको भनाइ छ। विशेषगरी डलरमा भुक्तानी गर्ने सम्झौताहरूका कारण मुलुकको अर्थतन्त्र नै खल्बलिन सक्ने उनीहरू भनाइ छ। नेपाली रुपियाँको तुलनामा अमेरिकी डलरको भाउ हालसम्मकै उच्च भएसँगै त्यसले नेपालको व्यापारघाटा थप चुलिने र कुल गार्हस्थ उत्पादनको आकारमा समेत प्रभाव पर्न सक्ने देखिएको छ।

अन्तर्राष्ट्रिय बजारमा एक डलर खरिद गर्न नेपाली मुद्रा ११० रुपियाँ खर्च गर्नुपर्ने अवस्था आएको छ। भारतीय रुपियाँको भाउ डलरको तुलनामा घटेसँगै भारतसँग स्थिर विनिमय दर रहेको नेपाली रुपियाँ अवमूल्यन हुन पुगेको हो। निर्माणीन जलविद्युत् आयोजनाका ठेकेदारको भुक्तानी तथा विदेशबाट समान आयातमा गम्भीर असार पर्ने देखिएको छ।

त्यसले प्राधिकरणको आर्थिक अवस्थालाई कमजोर बनाउने निश्चितप्राय देखिएको छ। यस्तै विद्युत् प्राधिकरणका सहायक कम्पनीले निर्माण गरिरहेको माथिल्लो तामाकोशी जस्ता आयोजनाका ठेकेदारलाई गर्नुपर्ने भुक्तानीमा समेत समस्या पर्ने देखिएको छ। समय र लागत बढ्दै जाँदा माथिल्लो तामाकोशीमा हाल दैनिक एक करोड बराबरको घाटा भइरहेको छ। डलरको भाउ बढ्ने वित्तिकै सो आयोजनाको ठेकेदारलाई दिनुपर्ने भुक्तानीमा समेत समस्या पर्ने देखिएको छ। यस्तै अरू विकास निर्माणका काम गरिरहेका ठेकेदार तथा निर्माण व्यवसायीलाई दिनुपर्ने भुक्तानीमा समेत समस्या पर्ने देखिएको छ।

विदेशबाट समान आयात गर्दा समेत डलरमा नै भुक्तानी गर्नुपर्ने भएकाले लागत समेत बढी पर्ने भएकाले मुलुकको भुक्तानी सन्तुलनमा समेत समस्या खडा हुने भएको छ। डलरको भाउ बढ्दै गए नेपालीको दैनिक उपभोग्य वस्तुदेखि लिएर देशको अर्थतन्त्रमै असर पर्ने देखिएको छ। नेपालको निर्यातको अवथा एकदमै कमजोर रहेको छ। आयातको मात्रा बढी भएका कारणले पनि डलरको भाऊ बढ्ने बित्तिकै सबैभन्दा बढी समस्या बजारमा देखिन थाल्छ। यस्तै पेट्रोलियम पदार्थको आयातमा समेत समस्या थपिनेछ।



आयातित सामान खरिद गर्दा डलरमै तिर्ने हो। डलरको भाउ बढेपछि व्यापार घाटा बढाउन सक्ने देखिएको छ। व्यापार घाटा बढ्दै गयो भने यसले हाम्रो कुल गार्हस्थ उत्पादनको आकारमा पनि प्रभाव पार्नसक्ने अवस्था देखिएको छ।

चालू आर्थिक वर्ष व्यापार घाटा १० खर्बभन्दा बढी भइसकेको छ। आयातित वस्तुको भाउ बढेपछि आयातित वस्तुको भाऊ बढ्ने र आन्तरिक बजारमा समेत त्यसले नकारात्मक प्रभाव पर्ने निश्चितप्राय देखिएको छ। डलर महँगो हुँदा विदेशमा अध्ययनका लागि गएका नेपाली विद्यार्थीले तिर्ने शुल्कमा समेत बढोत्तरी हुने निश्चित नै भएको छ।

यस्तै वैदेशिक ऋण भुक्तानी गर्न भनी बजेटमा छुट्याइएको रकम अब बढ्नेछ। सरकारले यस वर्ष साँवा र ब्याज दुवै गरी करिब २८ अर्ब वैदेशिक ऋण तिर्ने गरी व्यवस्था गरेको छ। तर अर्थतन्त्रमा ठूलो योगदान दिइरहेको विप्रेषण आप्रवाह भने बढ्ने राष्ट्र बैंकले जनाएको छ।

विदेशमा काम गर्ने नेपालीलाई लाभ भएपनि तेस्रो मुलुकबाट आयातमा पनि नकारात्मक प्रभाव पर्नेछ। तर आयातको तुलनामा निर्यात निकै कम हुने भएकाले नकारात्मक प्रभाव नै बढी हुने देखिएको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ। व्यउापार युद्धका कारण चीन, भारत, अमेरिका तथा समग्र यूरोपमा समेत समस्या खडा भएको छ। त्यसले नेपाली अर्थतन्त्रलाई थप नकारात्मक प्रभाव पार्न सक्ने देखिएको छ।

## SHARE MARKET

**8 JULY SUNDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9349.00 | 321.00 | 316.00 | 316.00 | -2.00 |
| 2 | Api Power Company Ltd. | 5244.00 | 306.00 | 291.00 | 303.00 | 8.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 40.00 | 544.00 | 519.00 | 544.00 | 49.00 |
| 4 | Arun Kabeli Power Ltd. | 4705.00 | 281.00 | 263.00 | 268.00 | -6.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8113.00 | 159.00 | 151.00 | 155.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5163.00 | 684.00 | 656.00 | 658.00 | -9.00 |
| 7 | Bank of Kathmandu Ltd. | 10890.00 | 271.00 | 260.00 | 266.00 | 5.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 90.00 | 149.00 | 148.00 | 148.00 | 0.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 610.00 | 138.00 | 136.00 | 138.00 | 4.00 |
| 10 | Bishal Bazar Company Limited | 50.00 | 1667.00 | 1667.00 | 1667.00 | -33.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 190.00 | 5722.00 | 5499.00 | 5499.00 | -111.00 |
| 12 | Butwal Power Company Limited | 8332.00 | 455.00 | 440.00 | 447.00 | -3.00 |
| 13 | Central Finance Co. Ltd. | 11239.00 | 118.00 | 112.00 | 114.00 | -4.00 |
| 14 | Century Commercial Bank Ltd. | 12038.00 | 176.00 | 170.00 | 170.00 | -3.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 57885.00 | 895.00 | 860.00 | 869.00 | -22.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 100.00 | 136.00 | 136.00 | 136.00 | -1.00 |
| 17 | Chilime Hydropower Company Limited | 10746.00 | 775.00 | 756.00 | 760.00 | -10.00 |
| 18 | Citizen Bank International Limited | 10951.00 | 245.00 | 239.00 | 242.00 | -1.00 |
| 19 | Citizen Investment Trust | 1382.00 | 2568.00 | 2530.00 | 2531.00 | 31.00 |
| 20 | Citizens Mutual Fund -1 | 300.00 | 9.07 | 9.07 | 9.07 | 0.00 |
| 21 | Civil Bank Ltd | 24576.00 | 156.00 | 151.00 | 151.00 | -2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 424.00 | 800.00 | 765.00 | 770.00 | 20.00 |
| 23 | Corporate Development Bank Limited | 200.00 | 106.00 | 102.00 | 106.00 | 4.00 |
| 24 | Deprosc Laghubitta Bittiya San. Limited | 2961.00 | 797.00 | 751.00 | 760.00 | -10.00 |
| 25 | Deva Bikas Bank Limited | 4983.00 | 139.00 | 131.00 | 133.00 | -1.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 53.00 | 113.00 | 111.00 | 112.00 | -1.00 |
| 27 | Everest Bank Limited | 9306.00 | 697.00 | 678.00 | 678.00 | 6.00 |
| 28 | Everest Insurance Co. Ltd. | 1791.00 | 1400.00 | 1340.00 | 1340.00 | -40.00 |
| 29 | Excel Development Bank Ltd. | 662.00 | 341.00 | 334.00 | 336.00 | 1.00 |
| 30 | First Micro Finance Dev. Bank Ltd. | 18146.00 | 570.00 | 540.00 | 541.00 | -9.00 |
| 31 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 1474.00 | 2345.00 | 2250.00 | 2250.00 | -30.00 |
| 32 | Gandaki Bikas Bank Limited | 25498.00 | 200.00 | 191.00 | 195.00 | -1.00 |
| 33 | Garima Bikas Bank Limited | 4822.00 | 184.00 | 179.00 | 180.00 | 0.00 |
| 34 | Garima Bikas Bank Limited Pro. Share | 37440.00 | 115.00 | 115.00 | 115.00 | 0.00 |
| 35 | Global IME Bank Limited | 15280.00 | 294.00 | 289.00 | 289.00 | -1.00 |
| 36 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 55.00 | 1232.00 | 1232.00 | 1232.00 | 24.00 |
| 37 | Goodwill Finance Co. Ltd. | 700.00 | 124.00 | 122.00 | 122.00 | -4.00 |
| 38 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 19201.00 | 630.00 | 611.00 | 614.00 | -11.00 |
| 39 | Guheshowori Mer. Bank & Finance Co. Ltd. | 1000.00 | 130.00 | 130.00 | 130.00 | -2.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 6257.00 | 930.00 | 894.00 | 902.00 | -10.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 1019.00 | 140.00 | 137.00 | 137.00 | 0.00 |
| 42 | Hathway Finance Company Limited | 260.00 | 131.00 | 128.00 | 131.00 | 2.00 |
| 43 | Himalayan Bank Limited | 1671.00 | 579.00 | 557.00 | 563.00 | 8.00 |
| 44 | Himalayan Distillery Limited | 200.00 | 1363.00 | 1311.00 | 1363.00 | 77.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 7735.00 | 480.00 | 460.00 | 460.00 | -1.00 |
| 46 | Himalayan Power Partner Ltd. | 1400.00 | 286.00 | 277.00 | 282.00 | -5.00 |
| 47 | ICFC Finance Limited | 1811.00 | 182.00 | 176.00 | 176.00 | -3.00 |
| 48 | IME General Insurance Ltd. | 1791.00 | 925.00 | 902.00 | 902.00 | -3.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7306.00 | 160.00 | 152.00 | 155.00 | -3.00 |
| 50 | Janata Bank Nepal Ltd. | 12705.00 | 161.00 | 155.00 | 156.00 | -3.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 46.00 | 3038.00 | 3000.00 | 3000.00 | -99.00 |
| 52 | Jebils Finance Ltd. | 7370.00 | 104.00 | 104.00 | 104.00 | 1.00 |
| 53 | Jyoti Bikas Bank Limited | 6193.00 | 144.00 | 140.00 | 144.00 | 2.00 |
| 54 | Kabeli Bikas Bank Limited | 108.00 | 212.00 | 208.00 | 212.00 | -3.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 981.00 | 232.00 | 229.00 | 229.00 | -1.00 |
| 56 | Kalika Microcredit Dev. Bank Ltd. | 8822.00 | 1432.00 | 1380.00 | 1415.00 | 38.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 7123.00 | 145.00 | 140.00 | 143.00 | -1.00 |
| 58 | Karnali Development Bank Limited | 13.00 | 111.00 | 111.00 | 111.00 | 1.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 140.00 | 114.00 | 110.00 | 112.00 | -1.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 539.00 | 1750.00 | 1700.00 | 1700.00 | -5.00 |
| 61 | Kumari Bank Limited | 25664.00 | 207.00 | 204.00 | 204.00 | -1.00 |
| 62 | Laxmi Bank Limited | 8842.00 | 271.00 | 264.00 | 266.00 | 0.00 |
| 63 | Laxmi Equity Fund | 1000.00 | 7.90 | 7.90 | 7.90 | -0.10 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1637.00 | 1170.00 | 1120.00 | 1120.00 | 0.00 |
| 65 | Laxmi Value Fund-1 | 73000.00 | 10.40 | 10.25 | 10.25 | -0.15 |
| 66 | Life Insurance Co. Nepal | 542.00 | 1615.00 | 1585.00 | 1585.00 | -30.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 3736.00 | 152.00 | 147.00 | 147.00 | -4.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 7814.00 | 580.00 | 550.00 | 555.00 | -13.00 |
| 69 | Machhapuchhre Bank Limited | 28727.00 | 217.00 | 210.00 | 215.00 | -1.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 46695.00 | 178.00 | 172.00 | 178.00 | 3.00 |
| 71 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 243.00 | 730.00 | 711.00 | 711.00 | -13.00 |
| 72 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 390.00 | 2732.00 | 2649.00 | 2650.00 | -30.00 |
| 73 | Manjushree Finance Ltd. | 29.00 | 118.00 | 118.00 | 118.00 | -2.00 |
| 74 | Mega Bank Nepal Ltd. | 27424.00 | 171.00 | 164.00 | 164.00 | 0.00 |
| 75 | Mega Bank Nepal Ltd. Promoter Share | 11340.00 | 110.00 | 110.00 | 110.00 | 0.00 |
| 76 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1246.00 | 1122.00 | 1088.00 | 1095.00 | -5.00 |
| 77 | Mirmire Microfinance Dev. Bank Ltd. | 331.00 | 1674.00 | 1610.00 | 1615.00 | 36.00 |
| 78 | Miteri Development Bank Limited | 330.00 | 285.00 | 281.00 | 284.00 | 8.00 |
| 79 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 220.00 | 1048.00 | 1025.00 | 1025.00 | -2.00 |
| 80 | Muktinath Bikas Bank Ltd. | 10251.00 | 393.00 | 375.00 | 378.00 | -3.00 |
| 81 | Nabil Bank Limited | 12880.00 | 953.00 | 928.00 | 940.00 | 16.00 |
| 82 | NABIL Bank Limited Promotor Share | 25456.00 | 715.00 | 700.00 | 705.00 | 5.00 |
| 83 | Nabil Equity Fund | 3380.00 | 9.00 | 8.92 | 9.00 | 0.08 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1051.00 | 1364.00 | 1291.00 | 1298.00 | -14.00 |
| 85 | National Hydro Power Company Limited | 11360.00 | 82.00 | 80.00 | 82.00 | -1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 16896.00 | 850.00 | 812.00 | 830.00 | 33.00 |
| 87 | National Microfinance Bittiya San. Ltd. | 1190.00 | 2289.00 | 2205.00 | 2210.00 | -40.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 292.00 | 2130.00 | 2088.00 | 2088.00 | -42.00 |
| 89 | Neco Insurance Co. Ltd. | 11248.00 | 576.00 | 544.00 | 550.00 | -5.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 16831.00 | 222.00 | 215.00 | 215.00 | -7.00 |
| 91 | Nepal Bank Limited | 13621.00 | 292.00 | 285.00 | 285.00 | -1.00 |
| 92 | Nepal Community Dev. Bank Ltd. | 1990.00 | 126.00 | 122.00 | 126.00 | 4.00 |
| 93 | Nepal Credit And Comm.Bank Limited | 67147.00 | 267.00 | 247.00 | 250.00 | -4.00 |
| 94 | Nepal Doorsanchar Comapany Limited | 6032.00 | 730.00 | 725.00 | 730.00 | 2.00 |
| 95 | Nepal Hydro Developers Ltd. | 80.00 | 183.00 | 180.00 | 180.00 | 0.00 |
| 96 | Nepal Insurance Co. Ltd. | 3619.00 | 670.00 | 644.00 | 657.00 | 0.00 |
| 97 | Nepal Investment Bank Limited | 14954.00 | 638.00 | 623.00 | 628.00 | -1.00 |
| 98 | Nepal Investment Bank Ltd. Pro. Share | 5904.00 | 558.00 | 540.00 | 540.00 | -18.00 |
| 99 | Nepal Life Insurance Co. Ltd. | 15574.00 | 1070.00 | 1043.00 | 1044.00 | 2.00 |
| 100 | Nepal SBI Bank Limited | 3283.00 | 522.00 | 505.00 | 514.00 | 7.00 |
| 101 | Nerude Laghubita Bikas Bank Limited | 2786.00 | 705.00 | 676.00 | 681.00 | 1.00 |
| 102 | Ngadi Group Power Ltd. | 351.00 | 171.00 | 165.00 | 168.00 | -2.00 |
| 103 | NIBL Pragati Fund | 506.00 | 7.96 | 7.95 | 7.96 | 0.01 |
| 104 | NIC Asia Bank Ltd. | 5894.00 | 322.00 | 315.00 | 319.00 | -1.00 |
| 105 | NIC Asia Growth Fund | 400.00 | 9.13 | 9.00 | 9.00 | 0.05 |
| 106 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 2382.00 | 1050.00 | 1031.00 | 1037.00 | 7.00 |
| 107 | NLG Insurance Company Ltd. | 2893.00 | 938.00 | 905.00 | 905.00 | -1.00 |
| 108 | NMB Microfinance Bittiya Sanstha Ltd. | 376.00 | 1508.00 | 1392.00 | 1392.00 | -58.00 |
| 109 | NMB Bank Limited | 5432.00 | 360.00 | 349.00 | 349.00 | -3.00 |
| 110 | NMB Hybrid Fund L-1 | 8738.00 | 9.08 | 9.04 | 9.08 | 0.05 |
| 111 | Om Development Bank Ltd. | 4518.00 | 179.00 | 175.00 | 177.00 | 0.00 |
| 112 | Oriental Hotels Limited | 158.00 | 549.00 | 539.00 | 539.00 | 0.00 |
| 113 | Pokhara Finance Ltd. | 3966.00 | 140.00 | 135.00 | 135.00 | -2.00 |
| 114 | Prabhu Bank Limited | 25963.00 | 196.00 | 186.00 | 186.00 | -6.00 |
| 115 | Prabhu Insurance Ltd. | 9285.00 | 550.00 | 525.00 | 526.00 | -13.00 |
| 116 | Premier Insurance Co. Ltd. | 6827.00 | 1193.00 | 1149.00 | 1162.00 | -8.00 |
| 117 | Prime Commercial Bank Ltd. | 30337.00 | 298.00 | 288.00 | 288.00 | -5.00 |
| 118 | Prime Life Insurance Company Limited | 10967.00 | 595.00 | 560.00 | 561.00 | -9.00 |
| 119 | ProgressiveFinance Limited | 30.00 | 154.00 | 154.00 | 154.00 | 3.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 6288.00 | 833.00 | 800.00 | 809.00 | -6.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 99.00 | 172.00 | 172.00 | 172.00 | -1.00 |
| 122 | Radhi Bidyut Company Ltd | 2710.00 | 243.00 | 227.00 | 231.00 | 0.00 |
| 123 | Rairang Hydropower Dev. Co. Ltd. | 10914.00 | 152.00 | 141.00 | 146.00 | -7.00 |
| 124 | Rastriya Beema Company Limited | 747.00 | 11577.00 | 11100.00 | 11100.00 | -199.00 |
| 125 | Rastriya Beema Co. Limited Pro. Share | 420.00 | 10600.00 | 10200.00 | 10200.00 | -190.00 |
| 126 | Reliance Finance Ltd. | 100.00 | 126.00 | 123.00 | 123.00 | -5.00 |
| 127 | Ridi Hydropower Development Co. Ltd. | 457.00 | 126.00 | 124.00 | 124.00 | -2.00 |
| 128 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1518.00 | 680.00 | 662.00 | 662.00 | -25.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2663.00 | 561.00 | 542.00 | 555.00 | 15.00 |
| 130 | Sagarmatha Insurance Co. Ltd. | 2705.00 | 1380.00 | 1321.00 | 1321.00 | -21.00 |
| 131 | Sahayogi Bikas Bank Limited | 1410.00 | 192.00 | 189.00 | 192.00 | 0.00 |
| 132 | Samata Microfinance Bittiya Sanstha Ltd. | 508.00 | 1435.00 | 1339.00 | 1365.00 | -53.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 4742.00 | 1199.00 | 1154.00 | 1155.00 | -30.00 |
| 134 | Sanima Bank Limited | 14605.00 | 338.00 | 330.00 | 337.00 | 2.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 29430.00 | 345.00 | 330.00 | 336.00 | -4.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 188.00 | 123.00 | 121.00 | 122.00 | 1.00 |
| 137 | Shangrila Development Bank Ltd. | 5936.00 | 155.00 | 150.00 | 150.00 | -5.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 4499.00 | 1000.00 | 967.00 | 967.00 | -12.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 2045.00 | 285.00 | 270.00 | 285.00 | 5.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 3757.00 | 151.00 | 148.00 | 148.00 | -1.00 |
| 141 | Shrijana Finance (Bittaya Sanstha) | 34.00 | 230.00 | 222.00 | 230.00 | 4.00 |
| 142 | Siddhartha Bank Limited | 12987.00 | 308.00 | 301.00 | 302.00 | -2.00 |

Total Amount Rs. 486,078,754 Total Quantity 1,250,282 Total No of Transactions 6,653

# वर्षायामसँगै कालीगण्डकीमा स्टिमर सेवा अवरुद्ध

**नेपाल समाचारपत्र**
पर्वत

कालीगण्डकी 'ए' जलविद्युत् आयोजना निर्माणको क्रममा बनेको जलाशयमा सञ्चालित जल यातायात (स्टिमर सेवा) वर्षायामसँगै अवरुद्ध भएको छ। नदीमा पानीको बहाब बढेपछि दुर्घटना बढ्ने खतराले असारको पहिलो सातादेखिनै सो सेवा अवरुद्ध भएको हो। यातायात सेवा अवरुद्ध भएपछि पर्वत, स्याङ्जा र गुल्मी जिल्लाका ग्रामीण क्षेत्रका बासिन्दा यातायातको सुविधाबाट बञ्चित बनेका छन्।

विगत १८ वर्ष देखि व्यावसायिक रुपमा स्टिमर सञ्चालन भएपछि दर्जनौ साविकका गाविसका बासिन्दाले ९ महिनासम्म यातायातको प्रत्यक्ष सुविधा उपभोग गर्दै आए पनि वर्षातको समयमा भने ३ महिना अवरुद्ध हुने गरेको छ। दक्षिण पर्वतको विहादी गाउँपालिका वडा नम्बर ६ साविकको शालिग्राम गाविसदेखि स्याङ्जाको मिर्मिसम्म करिब ८ किलोमिटरको दूरीमा जलयात्रा सञ्चालनमा आएपछि पर्वतका दक्षिणबर्ती झण्डै डेढ दर्जन साविकका गाविसबासी त्यस्तै गुल्मी र स्याङजाका गरी २५ भन्दा बढि गाविसबासीलाई सहज रुपमा यात्रा गर्ने तथा मालसामान ओसारपसार गर्दै आएका थिए। यातयातको पहुँच नभएको तीनवटै जिल्लाका त्यस क्षेत्रका लागि स्टिमर सेवा बरदान साबित भए पनि वर्षायाममा भने सास्ती खेप्नु परेको स्थानीयको गुनासो रहेको छ। पानीको सतह घटेपछि मात्र संचालनमा आउने व्यवसायी हरिप्रसाद भट्टराईले जानकारी दिनुभयो । 'असोजको दोस्रो सातापछि पानीको सतह कम हुने भएकाले त्यसपछि मात्र सञ्चालन गर्छौं अन्यथा जोखिम बढ्ने भएकाले बन्द गरेका हौं' -उहाँको भनाइ छ।



यातायात अवरुद्ध हुँदा दैनिक आधा घण्टामा सकिने यात्रा चार घण्टाको पैदल यात्रा हिडेर स्याङ्जाको मिर्मिसम्म पुग्न बाध्य भएका छन्। हिउँदको समयमा सस्तो शुल्कमा मालसामान ढुवानी गर्न पाएका व्यवसायीहरू खच्चरमार्फत महँगो शुल्कमा सामान ढुवानी गर्न बाध्य बनेको गुनासो गरेका छन्। यहाँको एक मात्र भरपर्दो यातयात सेवाको रुपमा सञ्चालित स्टिमरले उक्त क्षेत्रका बासिन्दाहरूको आर्थिक अवस्थामा समेत सुधार भएको छ। पहिले कालीगण्डकीमा ताल बन्दा बजार डुबानमा पर्ने चिन्ता गर्नेहरूका लागि अहिले त्यही जलाशय बरदान जस्तै बनेको स्थानीय व्यावसायी विष्णु न्यौपानेले बताउनुभयो । जलाशयमा दैनिक रुपमा सञ्चालित ११ वटा स्टिमर अहिले ठप्प बनेका छन्। पछिल्लो समय स्थानीय बोटे समुदायलाई आयआर्जनका लागि कालीगण्डकी 'ए'जलविद्युत आयोजनाले पनि दुईवटा स्टिमर उपलव्ध गराएको छ। स्टिमरमा २५ जनाले प्रत्यक्ष रुपमा र दर्जनौ व्यक्तिले अप्रत्यक्ष रुपमा रोजगारीको अवसर समेत पाएका छन्।

हिउँदको समयमा सहज रुपमा यातायात सेवा पाए पनि वर्षायामका तीन महिना भने सास्ती नै खेप्नुपर्ने अवस्था आएको न्यौपानेले बताउनुभयो। स्टीमर सुचारु हुँदा प्रतिकिलो ५० पैसामा ढुवानी गर्दै आएका व्यवसायी खच्चरवाट प्रतिकिलो ४ रुपियाँमा सामान ढुवानी गर्न बाध्य भएका छन्। कालीगण्डकी जल यातायात समितिका सचिव हरीप्रसाद भट्टराईका अनुसार पहिले डुंगा र साना स्टिमर भए पनि अहिले मालबहाक ट्रकको इन्जिन र जीपका इन्जिन राखेर सञ्चालन गरिँदै आएको छ। यसले मालबहाक ट्रककै जस्तै बहान क्षमता राख्दछ। २०५७ सालदेखि सञ्चालनमा आएको सो सेवाबाट यात्रा तथा सामान ढुवानी गर्न निकै सहज भएको भट्टराईले बताउनुभयो । स्टिमरबाट दैनिक एक हजार भन्दा बढीले ओहोरदोहोर गर्ने गरेको विहादी गाउँपालिका- ६ शालिग्रामका वडा अध्यक्ष टेकबहादुर थापाले बताउनुभयो। उहाँले भन्नुभयो-'कालीगण्डकी जल यातायात समितिमार्फत दैनिक १० वटा स्टिमर चलाएर सर्वसाधारणलाई सेवा पुऱ्याएका छौं।'

एउटा स्टिमरमा एक सयदेखि १ सय ५० जनासम्म यात्रु एकैपटक ओहोरदोहोर गर्न मिल्छ। सेतीबेणीबाट जलयात्रा शुरू गरी मिर्मिमा पुगेर बस मार्फत यस क्षेत्रका बासिन्दा गन्तब्यमा पुग्दै आएका छन्।

२०७५ असार
सोमबार
२५

ससर्त अनुदान १५ करोड, सामाजिक सुरक्षातर्फ ४ करोड ६० लाख, गरिबसँग विशेश्वर कार्यक्रमतर्फ ४ लाख ५० हजार र एलजीसीडीपीतर्फ १६ लाख ७७ हजार रुपियाँ बजेट समावेश छ।




# पुँजी बजारले मौद्रिक नीति पर्खियो

**नेपाल समाचारपत्र**

काठमाडौं

अघिल्लो साताको अन्तिम कारोबार दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से)३६ दशमलव शून्य १ अंकले बढेसँगै त्यस साता नेप्से परिसूचकमा ३९ दशमलव ८८ अंकको वृद्धि भएको थियो।

शेयर बजारका लागनीकर्ताले निरन्तर गुमाइरहेका बेला साताको अन्तिम कारोबारमा उच्च वृद्धि भएपछि लगानीकर्तालाई उत्साहित बनाएको थियो। धेरै समयपछि पुँजी बजारमा देखिएको हरियालीले लगानीकर्तालाई उत्साहित बनाएको थियो। तर, यस साताको पहिलो दिन आइतबार नेप्से परिसूचक उत्साहित हुनुपर्ने खालको नभए तथा निराश हुने अवस्था पनि देखिएन। यस दिन शून्य दशमलव २ अंकले परिसूचकमा गिरावट आएको छ। आर्थिक वर्षको अन्त्य, ब्याजदरमा आएको उतारचढावले शेयर बजारका लगानीकर्तालाई अचेटेको छ। यस वर्ष लगानीकर्ताले ३ खर्बभन्दा बढी पुँजी गुमाएका छन् भने नेप्से परिसूचक १२ सयभन्दा तलसम्म पुग्यो। अहिलेको केही सुधार हुने क्रममा देखिएको छ। यद्यपि, यसको स्थायित्व कति हुन्छ भन्ने विषयमा अहिले नै ढुक्क अवस्था छैन।

परिसूचक १२ सयभन्दा कमको बिन्दूमा पुगेर फेरि उकालो लाग्ने अवस्थामा रहेको हुँदा आगामी दिनमा उच्च गिरावट नहुन सक्छ। १२ सयको टेवा पाएर अगाडि बढेको पुँजी बजारले अब मौद्रिक नीतिलाई पर्खिएको संकेत देखिन्छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गर्न ढिलाइ गर्दा त्यसको स्पष्ट प्रभाव पुँजी बजारमा परेको छ।

अघिल्ला सातामा दैनिक २० करोडभन्दा कम कारोबार हुने शेयर बजारमा हिजोआज ४० करोडभन्दा बढीको कारोबार हुने गरेको छ। मौद्रिक नीतिमा पुँजी बजारलाई त्राण भर्ने विषय समेटिने अपेक्षा रहेको छ।



शेयरको वेटेज, मार्जिन ल्यान्डिङमा पुरावलोकन हुने अपेक्षा यतिबेला पुँजी बजारमा रहेको छ त्यसैले त लगानीकर्ता अहिले 'पर्ख र हेर'को अवस्थामा छन्। त्यसबाहेक वाणिज्य बैंकहरूलाई ब्रोकर लाइसेन्स दिने विषय पनि व्यापक उठिरहेको सन्दर्भमा त्यसको प्रभाव पुँजी बजारमा परेको छ। अर्कोतर्फ नेपाल धितोपत्र बोर्डले पुँजी बजारलाई नियमन गर्ने वार्षिक योजना र नीति ल्याउने तयारीमा रहेका कारण पनि बजारमा त्यसको प्रभाव पर्ने देखिन्छ। मौद्रिक नीतिमा पुँजीबजारलाई सम्बोधन गर्न दबाब दिन लगानीकर्ताहरू राजनीतिक लबिङमा समेत लागेका छन्। यसै सन्दर्भमा नयाँ वर्ष लागेपछि पुँजी बजारमा तुलनात्मक रूपमा बढी सुरक्षित मानिएको वित्तीय क्षेत्रले पनि उच्च अंकले घटेको तथ्यांक छ।

साढे २ महिनाको अवधिमा वाणिज्य बैंक समूहमा सय रुपियाँभन्दा बढी गुमाउने एभरेष्ट बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंकको रहेका छन्। वर्षको शुरूदेखि गुमाउनेको सूचीमा २५ वटा बैंक रहेका छन्। बाँकी २ वटा कम्पनीमा लक्ष्मी बैंकको शेयर मूल्य सामान्य बढेको छ भने मेगा बैंक नेपालको धेरै समयपछि कारोबार शुरू भएको थियो।

त्यस्तै विकास बैंकमध्ये कामना विकास बैंक र साइन रेसुंगा डेभलपमेन्ट बैंकको शेयर मूल्य बढेको छ भने अन्य सबै विकास बैंकको मूल्य घटेका छन्।

बीमा समूहमा सय रुपियाँभन्दा बढीले शेयर मूल्य गुमाउनेमा ५ वटा कम्पनीहरू रहेको छन्। जसमध्ये सूर्या लाइफ इन्स्यारेन्सको शेयर २१० रुपियाँ, सिद्धार्थ इन्स्योरेन्सको १९२ रुपियाँ, प्रभु इन्स्यारेन्सको १६५ रुपियाँ, नेपाल लाइफ इन्स्योरेन्सको १५९ रुपियाँ र प्राइम लाइफ इन्स्योरेन्सको १ सय रुपियाँले शेयर मूल्यमा गिरावट आएको छ। यस साढे २ महिनामा बीमा समूहमा ६ वटा कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ।

उता माइक्रोफाइनान्स समूहमा १४ वटा कम्पनीको शेयर मूल्य घटेको छ भने बाँकी २२ वटा कम्पनीको शेयर मूल्य भने बढेका छन्। साढे २ महिनाको अवधिमा सय रुपियाँभन्दा माथि बढी मूल्यमा गिरावट आउने ३ वटा कम्पनी रहेका छन्। तीमध्ये मिर्मिरे माइक्रोफाइनान्स, आरएसडीसी लघुवित्तको र मिथिला लघुवित्त अग्रस्थानमा रहेका छ। फाइनान्स कम्पनीहरूमा १३ वटा कम्पनीहरूको शेयर मूल्य घटेका छन् भने हाथवे फाइनान्स र मल्ट्रीप्रपोज कम्पनीको शेयर मूल्य बढेका छन्।

## पुँजीगत खर्चको स्थिति निराशाजनक

लमजुङ, (नेस)

चालू आवमा जिल्लाको पुँजीगत बजेटको खर्चको स्थिति निरासाजनक रहेको छ। असार २४ गतेसम्म ६० प्रतिशत पनि खर्च हुन नसकेको स्थितिले त्यस्तो पुष्टि गरेको हो।

चालू आवमा चालु खर्च ९५ प्रतिशत हुँदा पुँजीगत खर्च ५६ प्रतिशत हाराहारी मात्र हुन गएको कोष तथा लेखा नियन्त्रण कार्यालय लमजुङले जनाएको छ। लमजुङ जिल्लाका लागि चालू आवको लागि स्वीकृत चालूतर्फ ५ अर्ब ७ करोड १० लाख ७९ रुपियाँ रहेकोमा ४ अर्ब ८१ करोड १० लाख ६४ हजार ५८९ खर्च भएको जिल्ला कोष तथा लेखा नियन्त्रक किशोरकुमार श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार पुँजीगत खर्चतर्फ ९५ करोड ९६ लाख २४ हजार स्वीकृत भएकोमा ५३ करोड ५४ लाख ६१९ रुपियाँ खर्च हुने स्थिति छ।

गत आर्थिक वर्षमा चालू पुँजीतर्फ ८८ प्रतिशत र पुँजीगत खर्चतर्फ ७८ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय लमजुङले जनाएको छ। यसैगरी राजस्व संकलततर्फ १७ करोड ६४ लाख ९५ हजार ९०१ रुपियाँ संकलन भएको छ। गत आवको कुल अवधिमा १७ करोड ८३ लाख ४८ हजार ४७६ रुपियाँ संकलन भएको कोष नियन्त्रक श्रेष्ठले बताउनुभयो। राजस्व संकलन कार्य जिल्ला भरको हुने र यस कार्यालयमा रेकर्ड मात्र रहने हुनाले त्यसको लक्ष्य निर्धारण नहुने प्रमुख कोष नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो। यसैबीच लमजुङको मर्स्याङ्दी गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ का लागि करिब ३९ करोडको बजेट विनियोजन गरेको छ। सो बजेटलाई गाउँसभाले पारित गरेको छ।

गाउँ सभामा यसअघि स्वीकृत गरेको गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप ३८ करोड ८१ लाख ७१ हजार ३३४ रुपियाँको बजेट ल्याएको गाउँपालिकाका उपाध्यक्ष होमबहादुर विश्वकर्माले बताउनुभयो। उहाँका अनुसार आन्तरिक आयतर्फ ३६ लाख, सिनो हाइड्रो सगरमाथा पावर कम्पनीबाट प्राप्त २३ लाख ५५ हजार, अघिल्लो आव २०७४/७५ को नगद मौज्दात ३ करोड उल्लेख छ। पुँजीगततर्फ १३ करोड ४१ लाख ९४ हजार ३३४ रुपियाँ विनियोजन गरिएको छ। सो बजेट अनुसार सरकारको वित्तीय समानीकरण अनुदान ७ करोड २४ लाख, प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान एक करोड १० लाख ५० हजार, सरकारको राजस्व बाँडफाँडबाट ६ करोड ७७ लाख ४० हजार, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट २८ लाख ९९ हजार ३३४ रुपियाँ रहेको छ। पुँजीगततर्फको सामुदायिक भवन तथा अन्य भवन निर्माणका लागि भवन निर्माण शीर्षकमा एक करोड ३० लाख ८८ हजार रुपियाँ विनियोजन गरिएको छ।

ट्र्याक्टर खरिद, एम्बुलेन्स खरिद जस्ता सवारी साधन खरिदमा ४० लाख, स्काभेटर खरिदमा ५० लाख सहित मेसिनरी तथा औजारमा ६२ लाख रुपियाँ विनियोजन गरिएको उपाध्यक्ष विकको भनाइ छ।

**PRESS RELEASE**

## एनआईसी एसिया बैंक र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंक र प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीबीच बैंकासुरेन्स सम्झौता भएको छ। सम्झौताअनुसार अब बैंकका ग्राहकले २२५ वटै शाखाबाट प्रुडेन्सियल इन्स्योरेन्स कम्पनीको निर्जीवन बीमा पोलिसीहरू खरिद गर्न सक्नेछन्।

उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत वीरकृष्ण मर्हजनले हस्ताक्षर गर्नुभयो। यसैबीच एनआईसी एसिया बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकको वित्तीय सहयोगमा उग्रचण्डी भगवती मन्दिर नाला, काभ्रेपलाञ्चोकमा जडान गरिएको सोलार बत्ती तथा सीसी टिभी क्यामेरा उग्रचण्डीनाला समाजलाई हस्तान्तरण गरिएको छ। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, सूचना तथा सञ्चारमन्त्री गोकुल बास्कोटालगायतको उपस्थितिमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेले उग्रचण्डी नाला समाजलाई उक्त सोलार बत्ती तथासीसीटिभी क्यामेरा हस्तान्तरण गर्नुभएको छ। थियो।

बैंकको २२५ शाखा, २१८ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् ११ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १७६ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५० अर्ब तथा कुल कर्जा लगानी १२० अर्ब रहेको छ।

## ज्योति लाइफ इन्स्योरेन्सद्वारा सहयोग

काठमाडौं, (नेस)

ज्योति लाइफ इन्स्योरेन्सले हार्टबिटसँगको सहकार्यलाई अघि बढाएको छ। हार्टबिट फाउन्डेसन सडक बालबालिकाहरूको लागि शिक्षा र कलाको विषयमा काम गर्ने एक गैरसरकारी संस्था हो। संस्थाले सडक बालबालिकालाई हाउस अफ प्यालेट्सको भ्रमण गराइएको थियो, जहाँ उनीहरूले उनीहरूको खुशी र माया भनेको कस्तो हुन्छ भन्ने आफ्नो विचारमा रङ भरेका थिए। सो रङमय सन्ध्या नायक राजेश हमालले उनीहरूको हौसला बढाइदिनु भएको थियो। यसरी कोरिएका चित्रलाई शुभकामना कार्ड मार्फत गरी वितरण गरिएको थियो भने ज्योति लाइफको क्यालेण्डरमा समेत प्रयोग गरिएको थियो। हार्टबिट फाउन्डेसनलाई थप सहयोग स्वरुप ज्योति लाइफले उनीहरूको आफैंले कोरेका तस्वीररु भएको क्यालेण्डरका साथै टेबल, मेचहरू पनि प्रदान गरेको छ।

## सन्राइज बैंकको नयाँ शाखा धनकुटामा

काठमाडौं (नेस)

सन्राइज बैंकले धनकुटा जिल्लामा शाखा विस्तार गरेको छ। बैंकले धनकुटा बजारमा ८९औं शाखाको स्थापनाब गरेको हो। सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले बैंकले ८९ वटा शाखा, २२ वटा शाखारहित बैंकिङ सेवा ३ वटा एक्सटेन्सन काउन्टर, सय वटा एटीएममार्फत ४ लाखभन्दा बढि ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ।

## लुम्बिनी विकास बैंकको शाखा थिमिमा

काठमाडौं, (नेस)

लुम्विनी विकास बैंकले भक्तपुरको मध्यपुर थिमिमा नयाँ शाखा सञ्चालनमा ल्याएकोछ।

उक्त शाखा नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर शिवराज श्रेष्ठले उद्घाटन गर्नुभयो। उक्त समारोहमा सम्बोधन गर्दै डेपुटी गर्भनर श्रेष्ठले बैंकहरूले शाखा विस्तारसँगै सुशासन कायम राख्दै बैंकिङ सेवालाई समय सापेक्ष प्रतिस्पर्धी बनाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मीले पनि सम्बोधन गर्नुभएको थियो।

## भदौ तेस्रो साता फर्निचर तथा फर्निसिङ एक्स्पो हुने

**नेपाल समाचारपत्र**

काठमाडौं

फर्निचर तथा फर्निसिङ एक्स्पो' आगामी भदौ १४ गतेदेखि काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने भएको छ। सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी एक्स्पोको आयोजक संस्था नेपाल फर्निचर्स तथा फर्निसिङ संघले यस्तो जानकारी दिएको हो। एक्स्पोको छैठौं संस्करण फर्नेक्स २०१८ लाई होम डेकोर विशेष बनाइने संघले जनाएको छ। बढ्दो आधुनिक जीवनशैलीसँगै बढ्दै गएको इन्टेरियर डिजाइनका लागि एक्स्पो उचित गन्तव्य हुने बताइएको छ। एक्स्पोको व्यवस्थापन इभेन्ट सोलुसन प्रालिले गर्ने बताइएको छ।

किचन, बेडरूम, बाथरूमका साथै आउटडोर फर्निचर, इण्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायत सामग्री प्रदर्शनीको मुख्य आकर्षण रहने आयोजकले बताएका छन्। यसैगरी कार्पेट, पर्दा, म्याट्रेस, डेकोरेसन सामग्री, होम डेकोर, अफिस फर्निर, होम अप्लाइन्सेज, मेसिनरी औजारका साथै वास्तुसँग सम्बन्धित उत्पादन प्रदर्शनीको आकर्षण बन्ने आयोजकले जनाएको छ। प्रदर्शनीमा फर्निचरको प्रदर्शनी मात्र नगरी त्यसका उपयोगिता, प्रयोग विधि, बनोटका बारेमा पनि अवलोकनकर्तालाई जानकारी गराउने आयोजकको भनाइ छ। यसका अलावा फर्निसिङ व्यवसायमा आधुनिक प्रविधि भित्र्याउँदै फर्निचरजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन एक्स्पोले टेवा पुर्‍याउने अपेक्षा गरिएको छ। ५ दिनसम्म चल्ने एक्स्पोमा स्वदेशी तथा विदेशी गरी १ सय बढी फर्निचर र फर्निसिङ सामग्रीका स्टल रहनेछन्। नेपालमा उपलब्ध फर्निचर तथा फर्निसिङका उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले विगत सन् २०१२ देखि नियमित रुपमा एक्स्पो आयोजना हुँदै आएको छ। नेपालमा वर्षेनी फर्निचर तथा फर्निसिङका उत्पादनको ३० अर्ब रुपैयाँबराबरको कारोबार हुने गरेको छ।




